## डिभिजन वन कार्यालय, धनकुटा

### जडिबुटि विकास सम्बन्धि कार्यक्रम संचालनको लागी प्रस्ताव आह्वान सम्बन्धी सूचना

राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशन मितिः २०८१।०८।२५

यस कार्यालयको आ.व. २०८१।०८२ को स्विकृत जडिबुटि विकास कार्यक्रम (संघ शंसर्त तथा प्रदेश) को तपसिलको जडिबुटि विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले जडिबुटि विकास सम्बन्धि तपसिलका योजना सञ्चालन गर्न ईच्छुक व्यक्ति, वन समुह, वन पैदावार सम्बन्धि व्यवसाय आबद्ध फर्म, संगठित संघ संस्थाहरूले तोकिएको ढाँचा र तपसिलका शर्तहरूको अधिनमा रहि निम्न कार्यक्रमका लागी प्रस्ताव पेश गर्न यो ३० दिने सूचना प्रकाशन गरिएको छ। रित नपुगेका र म्याद नाधी प्राप्त भएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

<u>तपसिलः</u>

क) संचालन गरिने कार्यक्रमहरू

| ब.उ.शि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | स्विकृत रकम |
|---|---|---|---|---|
| ३२९९११२२ | जडिबुटि बिरूवा उत्पादन तथा खेति विस्तार | पटक | १ | ५३६,०००। |
| ३२९९११२२ | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | पटक | १ | ४८०,०००। |
| ३२९०११०३ | जडिबुटि तथा गैहकाष्ठ वन पैदावार प्रशोधनका लागी सामाग्री खरिद र व्यवस्थापन | प्याकेज | १ | ९६०,०००। |

ख) प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ । माथि उल्लेखित प्रत्येक क्रियाकलापको लागि छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्नेछ । शिलबन्दी प्रस्तावको बाहिरि खाममा नै क्रियाकलापको नाम उल्लेख गर्नु पर्नेछ ।

ग) शिलबन्दी प्रस्ताव डिभिजन वन कार्यालय, धनकुटामा तोकिएको म्यादभित्र दाखिला गर्नु पर्नेछ । दाखिला गर्दा निम्न बमोजिमको कागजात पेश गर्नु पर्नेछ -

- रू. १०।- को टिकट टाँसेको निवेदन पत्र ।
- व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- व्यवसायिक संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र, संस्थाको विधानमा जडिबुटी विकास सम्बन्धी प्रावधानको प्रमाणित प्रतिलिपि, संस्थाको उपरोक्त क्रियाकलाप संचालन गर्ने सम्बन्धमा निर्णयको प्रमाणित प्रतिलिपि, हालसालको करचुक्ता प्रमाण पत्र, वार्षिक नवीकरण प्रमाण पत्र, विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन ।
- वन समूहको हकमा समूह दर्ता प्रमाण पत्र, म्याद भएको कार्ययोजनामा जडिबुटी विकास सम्बन्धी प्रावधानको प्रमाणित प्रतिलिपि, समूहको संस्थाको उपरोक्त क्रियाकलाप संचालन गर्ने सम्बन्धमा निर्णयको प्रमाणित प्रतिलिपि, विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन।
- संक्षिप्त व्यवसायिक योजना ।
- सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस पत्र ।
- प्रस्तावकले जडिबुटी विकास सम्बन्धी उपरोक्त क्रियाकलापको लागि विगत विगतमा कुनै पनि निकायबाट अनुदान नलिएको र यस वर्ष समेत अन्य निकायबाट दोहोरो पर्ने गरी कुनै पनि निकायबाट अनुदान नलिएको स्वःघोषणा पत्र पेश गर्नु पर्नेछ ।
- व्यक्ति तथा संस्थको निजी जगाको हकमा कार्यक्रम संचालन हुने स्थानको जग्गाधनी प्रमाण पत्र, हाल सालैको तिरो रसिदको प्रतिलिपि, कित्ता नं. देखिने प्रमाणित फुल साइजको नक्शा, जग्गा लिजमा लिएको भए कम्तीमा १० वर्षको लागि गरिएको करारनामा पत्र ।

**शिलबन्दी प्रस्तावमा रितपूर्वक माथि उल्लेखित सम्पूर्ण कागजातहरू संलग्न हुनु पर्नेछ । सम्पूर्ण कागजातहरू संलग्न नभएमा त्यस्तो प्रस्ताव छनौट सम्बन्धी कारवाहीको लागि योग्य हुने छैन ।**

घ) खेती गरिने जडिबुटी प्रजाति भन्नाले जिल्ला स्तरीय जडिबुटी विकास फोकल टिमले निर्णय गरे बमोजिम तेजपात, लाहा, चिउरी, चिराइतो, रूद्राक्ष, हर्रो, बर्रो, अमला, बेल, बोके टिम्बुर, लप्सी, लौठसल्ला, लोक्ता, अर्गेली भन्ने जनाउने छ ।

ङ) जडिबुटी विकासका लागि पकेट क्षेत्र भन्नाले तपसिल बमोजिम जनाउने छ ।

| सि.नं. | जडिबुटी प्रजाति | पकेट क्षेत्र |
|---|---|---|
| १ | तेजपात | साँगुरीगढी गा.पा., चौबिसे गा.पा., शहिदभुमी गा.पा., पाख्रिवास न.पा. र धनकुटा न.पा. । |
| २ | बोके टिमुर | सबै स्थानीय तह। |
| ३ | चिराइतो | सबै स्थानीय तह। |
| ४ | चिउरी | साँगुरीगढी गा.पा., शहिदभूमी गा.पा., चौबिसे गा.पा. र पाख्रिवास न.पा. |

CamScanner

| | | |
|---|---|---|
| ५ | रूद्राक्ष | महालक्ष्मी न.पा., पाख्रिबास न.पा. र शहिदभूमि गा.पा. । |
| ६ | हर्रो, बर्रो, अमला, बेल | सबै स्थानीय तह |
| ७ | लप्सी, अर्गेली | सबै स्थानीय तह |
| ८ | लौठ सल्ला | सबै स्थानीय तह |
| ९ | जैतुन | सबै स्थानीय तह |

च) फोकल टिमले प्रदेशहरूबाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरूको कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम तपसिलको मूल्यांकनको आधार /मापदण्डको अधिनमा रही प्राप्त प्रस्तावहरूको मूल्यांकन गरी उत्कृष्टताको आधारमा बढीमा १० वटा सम्म उत्कृष्ट प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालयलाई सिफारिश गर्नेछ र डिभिजन वन कार्यालयले सोही बमोजिम उपरोक्त कार्यक्रम कार्यान्वयन गर्नेछ ।

छ) वैदिशक रोजगारबाट फर्किएका युवाबाट पेश हुन आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ ।

ज) नयाँ तथा नविनतम प्रविधिको प्रयोग गरी स्थापना हुने उद्यमलाई विशेष प्राथमिकता दिईनेछ ।

झ) प्रस्तावकले कुल लागतको कम्तिमा २० प्रतिशत लागत व्यहोर्नु पर्नेछ तथा आफ्नो तर्फको लगानी र स्थानिय रोजगारी सृजना बढी गर्ने उद्यमलाई विशेष प्राथमिकता दिईनेछ ।

ञ) प्रस्ताव आव्हान सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ट) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार फोकल टिमको सिफारिश बमोजिम यस कार्यालयमा हुनेछ ।

ठ) प्रस्तावक कृषक, संस्था, वन समूहले विगत विगतमा उपरोक्त जडिबुटी विकास सम्बन्धी क्रियाकलाप संचालनका लागि यस कार्यालयबाट अनुदान लिएको पाएमा त्यस्तो प्रस्ताव छनौट सम्बन्धी कारवाहीको लागि योग्य हुने छैन ।

ड) अन्य कुराको हकमा प्रचलित कानून (ऐन, नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

सम्पर्कको लागी ठेगाना
डिभिजन वन कार्यालय, धनकुटा
०२६५२२२२९, ९८५२०६०५२९, dhankutadfo@gmail.com

भरत बाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत

CamScanner

## डिभिजन वन कार्यालय, धनकुटा

## कृषि वन कार्यक्रम संचालनका लागी प्रस्ताव आह्वान सम्बन्धी सूचना

ब्लाष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशन मितिः २०८१।०८।२५

यस कार्यालयको आ.व. २०८१।०८२ को स्विकृत वार्षिक प्रदेश हरित अभियान तर्फको तपसिलको कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले कृषि वन योजना सञ्चालन गर्न ईच्छुक व्यक्ति, वन समुह, वन पैदावार सम्बन्धि व्यवसाय आवद्ध फर्म, संगठित संघ संस्थाहरूले तोकिएको ढाँचा र तपसिलका शर्तहरूको अधिनमा रहि निम्न कार्यक्रमका लागी प्रस्ताव पेश गर्न यो ३० दिने सूचना प्रकाशन गरिएको छ। रित नपुगेका र म्याद नाघी प्राप्त भएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

तपसिलः

| ब.उ.शि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | स्विकृत रकम |
|---|---|---|---|---|
| २.७.२१.७ | कृषि वन प्रणाली प्रवर्द्धन | प्याकेज | १ | ४७६,०००। |

शर्तहरूः

१. प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ । पेश गरिने प्रस्तावकले फायलको बाहिर प्रस्तावको नाम, ठेगाना, सम्पर्क नंम्बर र प्रस्तावको नाम उल्लेख गर्नु पर्नेछ ।

२. प्रस्ताव डिभिजन वन कार्यालय, धनकुटामा २०८१।०९।२४ गते भित्र शिलबन्दी प्रस्ताव कार्यालय समयमा पेश गर्नु पर्नेछ । प्रस्ताव पेश गर्दा निम्न बमोजिमको कागजातहरू संलग्न राख्नु पर्नेछ ।
   - रू. १० को टिकट टाँसेको आवेदन पत्र, नेपाली नागरिकता, संस्थाको हकमा दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर प्रमाण पत्र, हालसालको करचुक्ता प्रमाणपत्र, वार्षिक नविकरण, आयकर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
   - वन समूहको हकमा समूह दर्ता प्रमाण पत्र, म्याद भएको कार्ययोजनामा कृषि वन सम्बन्धी प्रावधानको प्रमाणित प्रतिलिपि, समूहको संस्थाको उपरोक्त क्रियाकलाप संचालन गर्ने सम्बन्धमा निर्णयको प्रमाणित प्रतिलिपि, विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन।
   - तोकिएको विवरण सहितको व्यवसायिक योजना
   - कृयाकलाप संचालन हुने स्थानको जग्गाधनि प्रमाण पत्र, हालसालै तिरो तिरेको रसिद, कित्ता देखिने प्रमाणित नक्शा
   - प्रस्तावकले कृषि वन सम्बन्धी उपरोक्त क्रियाकलापको लागि विगत विगतमा कुनै पनि निकायबाट अनुदान नलिएको र यस वर्ष समेत अन्य निकायबाट दोहोरो पर्ने गरी कुनै पनि निकायबाट अनुदान नलिएको स्वःघोषणा पत्र पेश गर्नु पर्नेछ ।

   शिलबन्दी प्रस्तावमा रितपूर्वक माथि उल्लेखित सम्पूर्ण कागजातहरू संलग्न हुनु पर्नेछ । सम्पूर्ण कागजातहरू संलग्न नभएमा त्यस्तो प्रस्ताव छनौट सम्बन्धी कारवाहीको लागि योग्य हुने छैन ।

३. कृषि वन संचालनका लागी तोकिएको जग्गा कम्पनिको आफ्नो नाममा वा प्रोपाईटर वा संचालक सदस्यको नाममा हुनु पर्नेछ । लिजमा लिएको हो भने यस वर्ष देखि कम्तिमा १० वर्षलाई लिजमा लिएको सम्पुर्ण कागजातहरू।

४. हैसियत बिग्रेको सार्वजानिक जग्गा वा २० प्रतिशत भन्दा कम छत्र घनत्व भएको सामुदायिक वनको क्षेत्रमा कृयाकलाप संचालन गरिने भए सम्बन्धित समितिको स्विकृति, सम्बन्धित स्थानिय तह र सव डिभिजन वन कार्यालयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

५. कृषि वन संचालनका लागी आवश्यक पर्ने जग्गा खरिद गर्न वा लिजमा लिन प्रस्तावक स्वयंले लगानी गर्नुपर्नेछ। यस्तो खर्च अनुदान रकममा समावेश गर्न पाईने छैन ।

६. कृषि वन संचालनका लागी कृषक/उधमी/समुह/संघसंस्थाले प्रस्ताव सञ्चालनको कुल लागतको कम्तिमा २० प्रतिशत लागत व्यहोर्नु पर्नेछ ।

७. अनुदानमा प्राप्त हुने रकमबाट बिउ, बिरूवा खरिद, रोपण, जमिन तयारी, घेराबारा, खोर निर्माण, मल, प्रविधि विस्तार, सिँचाई, मेसिनरी औजार लगायतका बस्तु तथा सेवा खरिद गर्न सकिनेछ ।

८. अनुदान रकम प्राप्त गर्ने प्रस्तावकले सम्झौता भएको पाँच दिन भित्र कार्य प्रारम्भ गरि सम्झौतामा तोकिएको समय भित्र कार्य सम्पन्न गरिसकेको हुनु पर्नेछ । समयमा कार्य सम्पन्न नगरेमा अनुदानमा प्राप्त रकम रकारी बाँकि सरह असुल उपर गरिनेछ।

९. प्रस्ताव आह्वान सम्बन्धि थप जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१०. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

११. अन्य शर्तहरू प्रचलित कानुन अनुसार हुनेछ ।

सम्पर्कको लागी ठेगाना
डिभिजन वन कार्यालय, धनकुटा
०२६५२२२२९, ९८५२०६०५२९, dhankutadfo@gmail.com

CamScanner

पान नं. २०१२७१५६२

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, धनकुटा

नेपाल

प.सं. ०८१।८२ (योजना शाखा)
फोन नं. ०२६-५२२२२९

च.नं. ४५३५
मितिः २०८१।०८।२५

(नेपाल संम्वत् ११४४ थिंलाथ्व ९, मंगलबार)

विषयः सुचना टाँस गरि जानकारी उपलब्ध गराईदिने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय, धनकुटा
श्री जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा
श्री घरेलु तथा साना उधोग कार्यालय, धनकुटा
श्री जिल्ला आयुर्वेद कार्यालय, धनकुटा
श्री कृषि ज्ञान केन्द्र, धनकुटा
श्री उधोग वाणिज्य संघ, धनकुटा
श्री सा.व.उ.स. जिल्ला महासंघ, धनकुटा
श्री धनकुटा नगरकार्यपालिकाको कार्यालय, श्री पाख्रिवास नगरकार्यपालिकाको कार्यालय, श्री महालक्ष्मी नगरकार्यपालिका, श्री छथरजोरपाटी गाउँकार्यपालिकाको कार्यालय, श्री साँगुरीगढी गाउँकार्यपालिकाको कार्यालय, श्री शहिदभुमि गाउँकार्यपालिकाको कार्यालय, श्री चौबिसे गाउँकार्यपालिकाको कार्यालय, धनकुटा ।

उपरोक्त सम्बन्धमा, गस कार्यालयको चालु आ.व. २०८१।०८२ को स्विकृत वार्षिक निम्नासुरको कार्यक्रम अन्तर्गतको तपसिलका कृयाकलाप सञ्चालनका लागी प्रस्ताव आव्हान सम्बन्धि श्री ब्लाष्ट टाईम्स राष्ट्रिय दैनिकमा मिति २०८१।०८।२५ मा प्रकाशन भएको ३० दिने सूचना पाना ३ (तिन) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ, संलग्न सूचनालाई तहाँ कार्यालयको सूचना पाटिमा टाँस गरि जानकारी पठाईदिनु हुन अनुरोध छ ।

**तपसिलः**

| सि.नं. | कार्यक्रमको नाम | कृयाकलाप |
|---|---|---|
| १ | प्रदेश हरित अभियान | कृषि वन प्रणाली प्रवर्धन |
| २ | जडिबुटि विकास कार्यक्रम (संघ शशर्त) | जडिबुटि बिरूवा उत्पादन तथा खेति विस्तार |
| ३ | | पकेट क्षेत्रमा जडिबुटि खेति विस्तार |
| ४ | जडिबुटि विकास कार्यक्रम | जडिबुटि तथा गैह्रकाष्ठ वन पैदावार प्रशोधनका लागी सामाग्री खरिद र व्यवस्थापन |

............
भरतबाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत

"सक्षम निजामती प्रशासनः विकास, समृध्दि र शुसासन"

dhankutadfo@gmail.com, dfodhankuta.koshi.gov.np, डिभिजन वन कार्यालय धनकुटा

CamScanner